# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, वैशाख ५ गते २०३९ साल (अतिरिक्ताङ्क १

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको निर्णयानुसार गठन भई कार्यरत रहेका (१) कञ्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति (२) कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति (३) भेरी अञ्चल बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति (४) नवलपरासी, रूपन्देही, कपिलवस्तु जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति (५) मोरङ्ग, सुन्सरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति र (६) झापा जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिका अध्यक्षहरूले उक्त समितिहरू कार्यरत रहेसम्म प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले मिति २०३८।१२।१८ को निर्णय अनुसार देहायका कानून अन्तर्गत निम्नलिखित अधिकारहरू प्रदान गरिएको छः–

(१) सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी उक्त समितिहरूको अध्यक्षले सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिमको अवस्थामा उक्त उपदफाबमोजिमको अधिकार ।

(२) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरीः–

(क) वन ऐन, २०१८ को दफा ३, ८ र सो ऐन अन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा ३ र सो ऐन अन्तर्गत तोकिएको अधिकारीलाई प्राप्त अधिकारहरू ।

(ग) जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नाप जाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ बमोजिमको अधिकारीको अधिकार ।

(घ) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालयका प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू ।

(ङ) मालपोत ऐन, २०३४ को दफा २६ (१) बमोजिम ऐलानी पर्ति जग्गा दर्ता गर्दा जोतभोग गरिरहेका व्यक्तिको नाममा नियमित गर्ने तथा अव्यवस्थित बसोबास गरेकोलाई व्यवस्थित गरी बसाउनु पर्दा मात्र दर्ता गर्ने ।

(च) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६, ६ क, ६ ख अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू ।

(३) निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी उक्त समितिहरूमा खटी जाने निजामती कर्मचारी र सम्बन्धित वन डिभिजन कार्यालय अन्तर्गतका कर्मचारीहरूको हकमा उक्त समितिको अध्यक्षलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने गरी तोकिदिएको छ ।

आज्ञाले,
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।